**२०८१ साल साउन ३० गते तदनुसार(August 14,2024)बुधवार बैठकमा पेश भएका कार्यसूचीहरू:**

१.सार्वजनिक सुनुवाई सञ्चालन सम्बन्धि कार्यविधि, २०८१ सम्बन्धमा ।

२.माग आकृति फाराम सम्बन्धमा ।

३.रिक्त पदमा पदपूर्ति गर्ने सम्बन्धमा ।

४.आ.व. २०८१/८२ को गाउँपालिकाको दररेट कायम गर्ने सम्वन्धमा ।

५.मोलुङ खोला बालेथुम्का खानेपानी लिफ्टिङ योजनाको म्याद थप सम्बन्धमा ।

६.दुधकोशी हिलेपानी खानेपानी लिफ्टिङ आयोजनाको म्याद थप सम्बन्धमा ।

७.वडा कार्यालय भवन निर्माण (वडा नं.१,२,६,८)योजनाको म्याद थप गर्ने सम्बन्धमा ।

८.समावेसी सडकको स्तरउन्नति सम्बन्धमा।

९.आर्थिक सहायता सम्बन्धमा ।

१०.आलु जोन कार्यक्रम समावेश गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरू:**

**निर्णय नं.१-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा ५ बमोजिम गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था भएबमोमिम यस कार्यालयबाट सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न वाच्छनीय भएकोले प्रस्तुत कार्यविधि उपर छलफल भई आजको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२-** प्रदेश लोक सेवा आयोगको पत्र संख्या २०८१/०८२ च.नं.२१ मिति २०८१/०४/०६ गतेको प्राप्त पत्रानुसार चालु आर्थिक वर्षमा पदपूर्ति गर्नुपर्ने रिक्त पदहरूमा पदपूर्तिका लागि माग आकृति फाराम पेश सम्बन्धी प्राप्त पत्रानुसार यस कार्यालयमा हाल रिक्त रहेको देहायबमोजिमको सेवा/समूहको पदमा पदपूर्ति गर्नका लागि प्रदेश लोक सेवा आयोगमा पठाउने निर्णय गरियो ।

| क.सं. | मागपदको नाम | तह | सेवा/समूह/उपसमूह | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृत | ७ औं | शिक्षा | १ | |
| २ | सहायक | ५ औं | प्रशासन | ३ | |
| ३ | लेखा सहायक | ५ औं | प्रशासन/लेखा | १ | |
| ४ | सहायक | ४ औं | प्रशासन | ३ | |

**निर्णय नं.३-** यस कार्यालयमा रिक्त रहेको देहायमा उल्लिखित पदहरूमा विज्ञापन प्रकाशन गरी सेवा करामा तत्काल पदपूर्तिको व्यवस्था गर्ने निर्णय गरियो ।

| क.सं. | विवरण | पदसंख्या | कैफियत |
|---|---|---|---|
| १ | फिल्ड सहायक | १ | व्यक्तिगत घट्ना दर्ता तथा पञ्जिकरण शाखा |
| २ | सामाजिक परीचालक | १ | गरिबसँग विश्वेश्वर कार्यक्रम माधवपुर |
| ३ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | १ | ४ नं. वडा कार्यालय |
| ४ | उधम विकास सहजकर्ता | १ | गाउँपालिकाको कार्यालय |

निर्णय नं.४- यस आ.व. २०८१/०८२ मा जिल्ला दररेट निर्धारण समिति,ओखलढुङ्गाको मिति २०८१/०३/२१ को बैठकबाट निर्धारण गरेको दररेटलाई नै यस गाउँपालिकामा कायम गरी लागू गर्ने निर्णय सर्व सम्मत गरियो।

निर्णय नं.५- यस मानेभन्ज्याङ गाउँपालिका र खानी-स्वामीनारायण जेभी वानेश्वर,काठमाडौंबीच मिति २०८०/०३/१५ गतेभित्र सम्पन्न गर्ने गरी मिति २०७८/०२/०५ गते सम्झौता भएको मोलुङ खोला बालेथुम्का खानेपानी लिफ्टिङ योजना निर्माणको कार्य गर्ने सम्झौता म्याद २०८१ साल असार १५ गते समाप्त भएको र कार्य सम्पन्न भैनसकेको हुँदा म्याद थपको लागि खानी-स्वामीनारायण जेभीले निवेदन दिएकाले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७९ को नियम १२९ अनुसार जाँचबुझ गरी सो नियमको उपनियम ३ बमोजिम तथा सार्वजनिक खरिद नियमावली,२०६४ नियम १२० क संशोधन म्याद सकिएको मितिदेखी लागू हुने गरी मिति २०८२/०३/१५ सम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.६- यस मानेभन्ज्याङ गाउँपालिका र प्याराडाईज -इनोभेटिभ ए.एम जेभी,ललितपुरबीच मिति २०८० असार मसान्तसम्म सम्पन्न गर्ने गरी सम्झौता भएको दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी योजना निर्माणको कार्य गर्ने सम्झौता म्याद २०८० असार मसान्तमा समाप्त भएको र कार्य सम्पन्न भैनसकेको हुँदा म्याद थपको लागि प्याराडाईज -इनोभेटिभ ए.एम जेभीले निवेदन दिएकाले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७९ को नियम १२९ अनुसार जाँचबुझ गरी सो नियमको उपनियम ३ बमोजिम तथा सार्वजनिक खरिद नियमावली,२०६४ नियम १२० क संशोधन म्याद सकिएको मितिदेखी लागू हुने गरी मिति २०८२/०३/१५ सम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.७- यस मानेभन्ज्याङ गाउँपालिका र स्वपनावती निर्माण सेवा,ओखलढुङ्गाबीच मिति २०८१ असार २० गते सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको वडा कार्यालय भवन निर्माण योजना निर्माणको कार्य गर्ने सम्झौता म्याद समाप्त भएको र कार्य सम्पन्न भैनसकेको हुँदा म्याद थपको लागि स्वपनावती निर्माण सेवा,ओखलढुङ्गाले निवेदन दिएकाले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७९ को नियम १२९ अनुसार जाँचबुझ गरी सो नियमको उपनियम ३ वमोजिम तथा सार्वजनिक खरिद नियमावली,२०६४ नियम १२० क संशोधन म्याद सकिएको मितिदेखी लागू हुने गरी मिति २०८१ साल असोज मसान्तसम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.८- यस मानेभन्ज्याङ गाउँपालिकाको वल बहादुर राई समावेशी सडकको तपसिल बमोजिमको विभिन्न खण्डहरूमा सम्बन्धित वडा अध्यक्षहरू (वडा १,२,३,४,५)सँग समन्वय गरी स्तरउन्नति गर्ने निर्णय सर्व सम्मत पारित गरियो ।

तपसिलः

१. पेकु ठूलोजुरे दुवैतिर अपुरो रहेको सडक जोड्ने ।
२. उँबुको बैदार टोलदेखि थोप्लुम हुँदै वाक्साको नागी,ध्याम्नालु सम्म सडकको चौडाई वढाउने ।
३. अन्य बाँकी कार्यहरू आवश्यकता अनुसार सम्बन्धित वडाको वडा अध्यक्षहरूसँग सम्न्वय गरी भूगोल अनुसार कार्य गराउने।

निर्णय नं.९- यस मानेभन्ज्याङ गाउँपालिकामा वडा नं. ५,उदयपुर निवासी प्रेम कुमार राईको छोरा प्रितम राई देशभरका प्रतियोगिहरूमाझ विभिन्न छनोट चरण पार गरी द भोइस अफ किड्स रियालिटि कार्यक्रमाको अन्तिम चरण सम्म पुग्न सफल भएकाले निजको प्रतिभाको सम्मानको लागि अन्य सामाजिक सहायता शीर्षकबाट रू २५०००/-(अक्षरूपी पच्चिस हजार)प्रोत्साहन स्वरूप आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१०- आ.व.२०८१/०८२ को प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत आलु पकेट क्षेत्रका क्लष्टर वडा नं. २,३,७,८,९ मा सञ्चालन गर्ने निर्णय गरियो।